नेपाल सरकार
# गृह मन्त्रालय
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा

फोन नं. ०१-४२००२५८,४२००२५७
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१-४२००१०३
Toll Free No :- ११४९
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook :- fb.me/NEOCOfficial
twitter :- @NEOCOfficial

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या: ०८०।०८१
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १५५

मिति: २०८१।०१।३०
नेपाल संवत् ११४४

विषय: **चटयाङ्गबाट बच्न सतर्कता अपनाउने सम्बन्धमा** ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विगत केही दिनदेखि देशका विभिन्न स्थानहरूमा चटयाङ्गबाट मानवीय एवं भौतिक क्षति भएको हुंदा सोको न्यूनीकरणका लागि तपसिलका उपायहरु सहितको जनचेतनामूलक कार्यक्रम प्रदेश तथा स्थानीय तह, विकासका साझेदार संस्था एवं नागरिक समाजसँग समन्वय गरी सञ्चालन गर्नुहुन यस मन्त्रालयको मिति २०८१।०१।२८ को (सचिवस्तर) निर्णयानुसार अनुरोध छ ।

**तपसिल:**

| सतर्कताका उपायहरू | |
|---|---|
| **घरभित्र रहँदा:-** | **घरबाहिर रहँदा:** |
| - विघुतीय सामाग्रीहरू जस्तैः टि.भी, कम्प्युटर, फ्रिज, वासिङ्ग मेसिन बन्द गर्ने ।<br>- झ्याल ढोका बन्द गरी घरको भित्तादेखि टाढै बस्ने।<br>- अत्यावश्यक अवस्थामा बाहेक मोवाइल वा कर्डलेस फोन प्रयोग नगर्ने।<br>- घर बाहिर ननिस्कने।<br>- तारसहितको टेलिफोन प्रयोग गरी कुरा नगर्ने। | - आकाशमा बिजुली चम्किन र गड्यागुडुङ्ग गर्न थालेपछि घरभित्र बस्ने।<br>- पक्की घर वा गाडी नजिक छ भने घर वा गाडीभित्र झ्याल ढोका बन्द गरी बस्ने।<br>- खुल्ला मैदानमा भए दुई घुंडा बीच टाउको लुकाई टुक्रुक्क बस्ने ।<br>- नजिक घर छैन भने तुरून्तै सुरक्षित स्थानमा ओत लाग्ने तर रूख वा बिजुलीको पोलमुनि कहिल्यै नबस्ने।<br>- खेतबारीमा काम नगर्ने।<br>- पौडी खेल्ने, माछा मार्ने, र्‍याफ्टिङ गर्ने जस्ता क्रियाकलाप नगर्ने।<br>- धातुको तारबारको नजिक नबस्ने। |

२०८१।०१।३०

(मान बहादुर बुढा)
शाखा अधिकृत